"साँस्कृतिक शान, आठराईको पहिचान"

# आठराई राजपत्र

# आठराई गाउँपालिकाद्वारा प्रकाशित

**भागः १** **खण्डः ८** **संख्याः २**

**गाउँसभाद्वरा पारित मितिः २०८२।०३।१०**

**राजपत्रमा प्रकाशित मितिः २०८२।०३।१५**

**आठराई गाउँपालिका**
**ᤀᤠᤌᤖᤠᤀᤡ [illegible]**
**गाउँ कार्यपालिकाको कार्यालय**
**संक्रान्तिबजार, तेह्रथुम**
**कोशी प्रदेश, नेपाल**

# आठराई गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन — २०८२

**प्रस्तावनाः** आठराई गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम आठराई गाउँ सभाले यो ऐन बनाएको छ।.

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "**आठराई गाउँपालिकाको आर्थिक ऐन — २०८२**" रहेको छ ।

(२) यो ऐन २०८२ श्रावण १ गतेदेखि २०८३ आषाढ मसान्तसम्म आठराई गाउँपालिका क्षेत्र भित्र लागु हुनेछ।

२. **सम्पति करः** आठराई गाउँपालिका भित्र घरजग्गाको मुल्याङ्कन गरी अनुसूची — १ बमोजिमको दरमा सम्पति कर लगाइ असुल गरिनेछ।

३. **भूमि कर मालपोतः** गाउँपालिका क्षेत्र भित्र अनुसूची — २ बमोजिम मालपोत कर लगाई असुल गरिनेछ।

४. **वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी पुरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची — ३ बमोजिमको घर जग्गा वहाल कर लगाई असुल गरिनेछ।

५. **व्यक्तिगत घटना दर्ता दस्तुरः** प्रचलित कानुनमा भएको व्यवस्था अनुसार अनुसूची — ४ बमोजिम असुल गरिनेछ।

६. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा स्वामा पूँजिगत लगानी र आर्थिक कारोबारको व्यवसायमा अनुसूची — ५ बमोजिम कर लगाई असुल गरिनेछ।

७. **वहाल विटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार वा पसलमा अनुसूची — ६ बमोजिम बहाल विटौरी शुल्क असुल गरिनेछ।

८. **नाता प्रमाणित दस्तुरः** नाता प्रमाणित दस्तुर अनुसूची — ७ बमोजिम कर लगाई असुल गरिनेछ।

९. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची — ८ बमोजिम कर लगाई असुल गरिनेछ।

१०. **मनोरञ्जन करः** गाउँपालिका क्षेत्रभित्र अनुसूची — ९ बमोजिमको मनोरञ्जन कर लगाई असुल गरिनेछ।

११. **सिफारिस दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचीमा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराएको सेवामा शुल्क लगाई अनुसूची — १० बमोजिम कर असुल गरिनेछ।

१२. **घर नक्सा पास दस्तुरः** गाउँपालिका क्षेत्रभित्र अनुसूची — ११ बमोजिम घर नक्सा पास दस्तुर असुल गरिनेछ।

१३. **सरसफाई शुल्कः** गाउँपालिका क्षेत्रभित्र अनुसूची – १२ बमोजिम सरसफाई शुल्क असुल गरिनेछ।

१४. **साना सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका अटो रिक्सा, विद्युतीय रिक्सा, ई-रिक्सा, पावर टिपरमा सवारी साधन कर प्रदेश कानून बमोजिम तथा अनुसूची – १३ बमोजिमको कर असुल गरिनेछ।

१५. **अन्य शुल्कः** गाउँपालिका क्षेत्र वा अन्य क्षेत्रमा गाउँपालिकाको मातहतमा रहेका हल तथा यान्त्रिक उपकरण भाडामा उपलब्ध गराउँदा तथा विविध विषय सँग सम्बन्धित सेवा शुल्कहरू अनुसूची – १४ बमोजिम शुल्क असुल गरिनेछ।

१६. **दहत्तर बहत्तर, जीवजन्तु, जडिबुटी करः** (१) ढुंगा, गिटी बालुव, स्लेट, चुनढुंगा, अभ्रख, र दहत्तर वहत्तरमा प्राकृतिक स्रोतको करको दर र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२क र कोशी प्रदेश सरकारको आर्थिक ऐन – २०८२ बमोजिम हुनेछ।

(२) गाउँपालिका क्षेत्रबाट निकासी हुने काठ, गोलिया, जडिबुटी, अलैंची, फलफूल, पशु चौपाया लगायतका वस्तु निकास गर्दा अनुसूची – १५ बमोजिम निकासी कर असुल गरिनेछ।

१७. **ल्याव सेवा शुल्कः** गाउँपालिका क्षेत्र भित्र संचालित स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीहरुबाट उपलब्ध ल्याब सेवा दस्तुर एवम संकलित रकम सम्बन्धमा गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

१८. सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्बन्धि आफ्नो वार्षिक कार्य योजना बनाई गाउँपालिकाबाट सो कार्य योजना स्वीकृत गराउनु पर्छ। यस्तो कार्य योजना बमोजिम प्राप्त हुने रकमको १० प्रतिशत गाउँपालिकाले असुल गर्नेछ।

१९. **कर छुटः** अनुसूची – १६ मा तोकिए बमोजिम बाहेक यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

२०. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यस ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँ कार्यपालिकाले तोके अनुसार हुनेछ।

## अनुसूची – १

## सम्पति कर (११३१३)

| क्र.सं. | रुपैयाँ देखि | रुपैयाँ सम्म | दर | अक्षरेपी |
|---|---|---|---|---|
| १. | १ | ३००००० | ५० | रुपैया पचास मात्र । |
| २. | ३००००१ | ५००००० | १०० | रुपैयाँ एक सय मात्र। |
| ३. | ५००००१ | ७५०००० | १५० | रुपैयाँ एक सय पचास मात्र। |
| ४. | ७५०००१ | १०००००० | २०० | रुपैयाँ दुई सय मात्र। |
| ५. | १००००००१ | १२५०००० | २५० | रुपैयाँ दुई सय पचास मात्र। |
| ६. | १२५००००१ | १५००००० | ३०० | रुपैयाँ तिन सय मात्र। |
| ७. | १५००००१ | १७५०००० | ३५० | रुपैयाँ तिन सय पचास मात्र। |
| ८. | १७५००००१ | २०००००० | ४०० | रुपैयाँ चार सय मात्र। |
| ९. | २००००००१ | २२००००० | ५०० | रुपैयाँ पाँच सय मात्र। |
| १०. | २२००००१ | २४००००० | ५५० | रुपैयाँ पाँच सय पचास मात्र। |
| ११. | २४००००१ | २६००००० | ६५० | रुपैयाँ छ सय पचास मात्र। |
| १२. | २६००००१ | २८००००० | ८०० | रुपैयाँ आठ सय मात्र। |
| १३. | २८००००१ | ३०००००० | १००० | रुपैयाँ एक हजार मात्र। |
| १४. | ३००००००१ | ३४००००० | १२०० | रुपैयाँ बाह्र सय मात्र। |
| १५. | ३४००००१ | ३८००००० | १५०० | रुपैयाँ पन्ध्र सय मात्र। |
| १६. | ३८००००१ | ४२००००० | २००० | रुपैयाँ दुई हजार मात्र। |
| १७. | ४२००००१ | ४६००००० | २५०० | रुपैयाँ दुई हजार पाँच सय मात्र। |
| १८. | ४६००००१ | ५०००००० | ३००० | रुपैयाँ तीन मात्र। |
| १९. | ५००००००१ | ६०००००० | ३५०० | रुपैयाँ तीन हजार पाँच सय मात्र। |
| २०. | ६००००००१ | ७०००००० | ४५०० | रुपैयाँ चार हजार पाँच सय मात्र। |
| २१. | ७००००००१ | ८०००००० | ६००० | रुपैयाँ छ हजार मात्र। |
| २२. | ८००००००१ | ९०००००० | ८००० | रुपैयाँ आठ हजार मात्र। |
| २३. | ९००००००१ | १०००००००० | १०००० | रुपैयाँ दश हजार मात्र। |
| २४. | १००००००००१ | १२००००००० | १२००० | रुपैयाँ बाह्र हजार मात्र। |
| २५. | १२०००००१ | १६००००००० | १६००० | रुपैयाँ सोह्र हजार मात्र। |
| २६. | १६०००००१ | २००००००० | २०००० | रुपैयाँ बीस हजार मात्र। |
| २७. | २०००००००१ | २२००००००० | २५००० | रुपैयाँ पच्चिस हजार मात्र। |
| २८. | २२०००००१ | ३३००००००० | ४०००० | रुपैयाँ चालिस हजार मात्र। |
| २९. | ३३०००००१ | ४०००००००० | ५०००० | रुपैयाँ पचास हजार मात्र। |

| | | | | |
|---|---|---|---|---|
| ३०. | ४०००००००१ | ५००००००० | ६०००० | साठी हजार रुपैयाँ मात्र। |
| रुपैया ५ करोड १ देखि जति सुकै माथी प्रति १ हजारमा रुपैया २ का दरले एकिकृत सम्पती कर लाग्नेछ।<br>(सम्पति कर संक्रान्तिबजार र चुहानडाँडा बजार क्षेत्रमा मात्र लागु गरिनेछ ।) | | | | |

सम्पति कर असुल गर्न घरको मुल्याङ्कन निम्न बमोजिम गरिनेछ ।

| क्र.सं. | विवरण | रकम रु. (प्रति वर्ग फुट) |
|---|---|---|
| १. | आर. सि. सि. फ्रेम स्टक्चर भएको | १००० |
| २. | पिलर विनाको पक्की घर | ७०० |
| ३. | सिमेन्ट ईटाको जोडाई टिन टायलको छाना | ५०० |
| ४. | ढुंगा माटोको गारो टिन टायलको छाना | ४०० |
| ५. | ढुंगा माटोको गारो फुसको छाना भएको | ३०० |
| ६. | काठको घर टिनको छाना | २०० |
| ७. | काठको घर फुसको छाना | १०० |
| ८. | सेड वा टहरा | ५० |
| ९. | टाटिले बनेको टिन वा फुसको छाना भएको घर | २५ |

## जग्गाको मूल्याङ्कन

**नोटः** मालपोत नियमावली २०३६ को नियम ५ (ख) को उपनियम १ बमोजिम जग्गाको न्युनतम मूल्याङ्कन निर्धारण समितिबाट स्वीकृत भएको दर रेट अनुसार हुनेछ।

## जरिवाना वा छुट

| क्र.सं. | विवरण | रकम रु. (प्रति वर्ग फुट) |
|---|---|---|
| १. | सम्पति कर जरिवाना | १ वर्ष अगाडीको बाँकी बक्यौतामा तोकिएको दरको ५ प्रतिशत<br>२ वर्ष अगाडीको बाँकी बक्यौतामा तोकिएको दरको ७ प्रतिशत<br>३ वर्ष वा सो भन्दा माथी बाँकी बक्यौतामा तोकिएको दरको प्रत्येक वर्ष १० प्रतिशतका दरले वृद्धि हुँदै जानेछ। |
| २. | सम्पति कर छुट | प्रत्येक आ.व. को पहिलो महिनामै कर चुक्ता गरेमा १० प्रतिशत छुट बाँकी बक्यौतामा तोकिएको दरको महिलाहरुको लागि दस्तुरमा २० प्रतिशत छुट प्रदान गरिनेछ। |

## अनुसूची – २

## मालपोत तथा भूमिकर (११३१४)

| मालपोत तथा भूमिकर प्रति रोपनी (रू.) | | | | कैफियत |
|---|---|---|---|---|
| क्र.सं. | खेत | | पाखो बारी | |
| १. | अब्बल | १२ | ६ | १ वर्ष अगाडीको बाँकी बक्यौतामा तोकिएको दरको ५ प्रतिशत<br>२ वर्ष अगाडीको बाँकी बक्यौतामा तोकिएको दरको ७ प्रतिशत<br>३ वर्ष वा सो भन्दा माथी बाँकी बक्यौतामा तोकिएको दरको प्रत्येक वर्ष १० प्रतिशतले वृद्दि हुँदै जानेछ ।<br>महिलाको नाममा दर्ता भएका जग्गाको भूमि करमा २० प्रतिशत कर छुट गरिनेछ। |
| २. | दोयम | १० | ५ | |
| ३. | सिम | ८ | ४ | |
| ४. | चाहार | ६ | ३ | |

आठराई राजपत्र

## अनुसूची – ३

## घर/जग्गा वहाल कर (११३२१)

| वहाल कर असुल गर्नको लागी न्यूनतम घर वहालको मासिक दर निम्नानुसार भएको मानिनेछ । | | |
|---|---|---|
| **क.सं.** | **घरको प्रकृति** | **वहाल दर** |
| १ | संक्रान्ति बजार र चुहानडाँडा बजार क्षेत्र भित्र पक्की घरको सटर | ५००० |
| २ | संक्रान्ति बजार र चुहानडाँडा क्षेत्र भित्र पक्की घरको पहिलो तलाको प्रति कोठा | ३००० |
| ३ | संक्रान्ति बजार र चुहानडाँडा बजार क्षेत्र भित्र दोश्रो तला भन्दा माथिका कोठा | ३००० |
| ४ | गाउँपालिका क्षेत्र भित्रका माथि उल्लेखित बजार क्षेत्र वाहिर पक्की घरको कोठा वा सटर | २००० |
| ५ | संक्रान्ति बजार र चुहानडाँडा बजार क्षेत्र भित्र कच्ची घरको प्रति कोठा वा सटर | २५०० |
| ६ | गाउँपालिका भित्र माथि उल्लेखित बजारहरु भन्दा बाहिर कच्ची घरको प्रति कोठा वा सटर | १००० |
| ७ | गाउँपालिका क्षेत्र भित्र घुम्ती पसलको लागी | ५०० |
| आठराई गाउँपालिका क्षेत्रभित्रका घर भाडा वापत निम्म बमोजिको दरले कर लगाई असुल गरिनेछः | | |
| क. | **घर वहाल कर** | **१० प्रतिशत** |

## अनुसूची – ४

## व्यक्तिगत घटना दर्ता दस्तुर (१४२४४)

| व्यक्तिगत घटना दर्ता शुल्क | | |
|---|---|---|
| क | घटना भएको ३५ औं दिन भित्र दर्ता गराएमा | निःशुल्क |
| ख | घटना भएको ३६ औं दिन देखि पछि दर्ता गराएमा व्यक्तिगत घटना दर्ताको विलम्व शुल्क | २०० |
| ग | व्यक्तिगत घटना दर्ता प्रमाण-पत्रको प्रतिलिपि दस्तुर | ५०० |
| घ | व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताव हेरेको दस्तुर | २०० |
| **नोटः** माथी उल्लेखित दरहरु राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण नियमावली, २०७७ बमोजिम रहेको। | | |

आठराई राजपत्र

## अनुसूची — ५

## व्यवसाय दर्ता तथा नविकरण दस्तुर (११६१३)

| क्र.सं. | विवरण (प्रत्येक वर्ष नविकरण गर्नुपर्नेछ) | दर्ता शुल्क रु. | नविकरण शुल्क |
|---|---|---|---|
| **१. खाद्य तथा किराना पसल** | | | |
| क | किराना थोक पसल | २००० | १००० |
| ख | मुख्य सडकमा रहेको किराना खुद्रा पसल | १००० | ५०० |
| ग | भित्री सडकमा रहेको किराना खुद्रा पसल | ५०० | २५० |
| घ | भित्री सडकमा रहेका साना किराना पसल (घुम्ती पसल) | ५०० | २५० |
| **२. जुत्ता चप्पल पसल** | | | |
| क | कपडा तथा फेन्सी थोक पसल | २००० | १००० |
| ख | कपडा तथा फेन्सी खुद्रा पसल | १००० | ५०० |
| ग | जुत्ता चप्पल थोक विक्रि | १००० | ५०० |
| घ | जुत्ता चप्पल खुद्रा विक्री | ५०० | २५० |
| **३. भाडा पसल,किचन सामग्री** | | | |
| क | भाडा तथा किचन सामग्री थोक पसल | २००० | १००० |
| ख | भाडा तथा किचन सामाग्री खुद्रा पसल | १००० | ५०० |
| **४. होटल एण्ड लज** | | | |
| क | होटल एण्ड लज | २००० | १००० |
| ख | सामान्य होटल | १००० | ५०० |
| ग | भोजनालय | १००० | ५०० |
| घ | रेटुरेन्ट/बार | ३००० | २००० |
| ङ | मुख्य सडकमा भएको मिष्ठान्न पसल | १००० | ५०० |
| च | सहायक सडकमा रहेको मिष्ठान्न पसल | ५०० | २५० |
| छ | मुख्य सडकमा रहेको चिया कफी पसल | १००० | ५०० |
| ज | भित्री बाटोहरुमा चिया पसल | ५०० | २५० |
| झ | मादक पदार्थ बिक्री गर्ने पसल तथा खाना खुवाउने | १००० | ५०० |
| ञ | मादक पदार्थ बिक्री मात्र गर्ने पसल | १००० | ५०० |
| **५. निर्माण सामाग्री तथा विद्युत सामाग्री पसल** | | | |
| क | हार्डवेयर/मेशिनरी/पेन्ट तथा मार्बल थोक पसल | ५००० | ३००० |
| ख | हार्डवेयर/मेशिनरी/पेन्ट तथा मार्बल खुद्रा पसल | १५०० | १००० |
| ग | विद्युत सामाग्री पसल | २००० | १००० |
| घ | ग्लास हाउस आल्मुनियम फ्रेमिङ | १००० | ५०० |

| क्र.सं. | विवरण (प्रत्येक वर्ष नविकरण गर्नुपर्नेछ) | दर्ता शुल्क रु. | नविकरण शुल्क |
|---|---|---|---|
| ङ | सिसा पसल | १००० | ५०० |
| ६. | **सुन चाँदी पसल** | | |
| क | सुन चाँदी पसल होलसेल | ५००० | ३५०० |
| ख | सून चाँदी पसल खुद्रा | २००० | १००० |
| ग | सुन चाँदीका गहना बनाउने कालिगण सेवा मात्र | १००० | ५०० |
| ७. | **स्टेशनरी, पूस्तक तथा मनिहारी पसल** | | |
| क | स्टेशनरी तथा पुस्तक थोक | १००० | ५०० |
| ख | स्टेशनरी तथा पुस्तक खुद्रा | १००० | ५०० |
| ग | कस्मेटिक थोक पसल | १००० | ५०० |
| घ | कस्मेटिक खुद्रा पसल | ५०० | २५० |
| ङ | धागो टाँक फस्नर थोक पसल | १००० | ५०० |
| च | धागो टाँक फस्नर खुद्रा पसल | ५०० | २५० |
| ८. | **माछा, मासु विक्री पसल** | | |
| क | फ्रेस हाउस मासु जन्य | १००० | ५०० |
| ९. | **औषधी व्यवसाय** | | |
| क | औषधी खुद्रा पसल मेडिकल | १००० | ७०० |
| ख | एग्रोभेट खूद्रा पसल | १००० | ७०० |
| १०. | **सूचीका (सिलाई) पसल** | | |
| क | सर्टिङ सुर्टिङ सहितको टेलरिङ व्यवसाय | १००० | ५०० |
| ११. | **इलेक्ट्रोनिक्स विक्री पसल** | | |
| क | फ्रिज, टि.भि., डेक तथा पार्ट विक्री पसल | २००० | १००० |
| ख | ढुवानी व्यवसाय दर्ता | २००० | १००० |
| १२. | **मर्मत सम्भार सेवा** | | |
| क | ईन्जिन मर्मत (हेभी) बस, ट्रकको वर्कसप | ३००० | २००० |
| ख | जीप, कार तथा ट्याक्टर मर्मत तथा सर्भिसिङ | २००० | १५०० |
| ग | मोटर साइकल मर्मत | २००० | १००० |
| घ | फलाम जस्ता पाताको सामाग्री बनाउने तथा मर्मत गर्ने | १००० | ५०० |
| ङ | टि.भि., डेक, मोबाइल, फ्रिज मर्मत सेवा ईलेक्ट्रोनिक्स | १००० | ५०० |
| १३. | **सवारी साधन एजेन्सी, थोक विक्री पसल तथा पाट्र्स-पुर्जा पसल** | | |
| क | बस, ट्रक, ट्याक्टर, कार, जिप, कार प्रति डिलर | ३००० | १५०० |
| ख | मोटरसाइकल डिलर | ३००० | १५०० |

| क्र.सं. | विवरण (प्रत्येक वर्ष नविकरण गर्नुपर्नेछ) | दर्ता शुल्क रु. | नविकरण शुल्क |
|---|---|---|---|
| **१४.** | **सञ्चार सेवा** | | |
| क | फोटो स्टुडियो सेवा फोटोकपी | १५०० | ७५० |
| ख | सामुदायिक एफ.एम.प्रशारण सेवा | १००० | ५०० |
| ग | कुरियर सेवा | १००० | ५०० |
| घ | कम्प्यूटर सप्लायर्स | २००० | १००० |
| **१५.** | **ड्राइक्लिनिङ, धोवी पसल** | | |
| क | ड्राइक्लिनिङ | ३००० | १५०० |
| **१६.** | **सैलुन तथा ब्यूटी पार्लर सेवा** | | |
| क | ब्यूटी पार्लर सेवा ब्युटिशियन तालिम सहितको | २००० | १००० |
| ख | ब्युटी पार्लर सेवा | १००० | ५०० |
| ग | सैलुन | १००० | ५०० |
| **१७.** | **मदिरा, सुर्तीजन्य तथा पेय पदार्थ पसल** | | |
| क | पेय पदार्थको डिलर डिस्ट्रब्युटर | ५००० | ३००० |
| ख | पेय पदार्थको खुद्रा पसल | १००० | ५०० |
| **१८.** | **वित्तीय सेवा** | | |
| क | वाणिज्य बैंक प्रति शाखा कार्यालय | ७००० | ७००० |
| ख | विकास बैंक प्रति केन्द्रीय कार्यालय | ६००० | ६००० |
| ग | विकास बैंक प्रति शाखा कार्यालय | ५००० | ५००० |
| घ | फाइनान्स कम्पनी, वित्तीय सहकारी संस्था मुख्य कार्यालय | ५००० | ५००० |
| ङ | फाइनान्स कम्पनी, वित्तीय सहकारी प्रति शाखा कार्यालय | ४००० | ४००० |
| च | लघु वित्त विकास बैंक शाखा कार्यालयहरु | ५००० | ५००० |
| छ | वीमा कम्पनीहरु | ३००० | ३००० |
| ज | मनी एक्सचेन्जर ट्रान्सफर | २५०० | १५०० |
| **१९.** | **पेट्रोलियम पदार्थ** | | |
| क | पेट्रोलियम पदार्थ पम्प भएको | १०,००० | २५०० |
| ख | ग्यास सिलिण्डर विक्री डिलर तथा मट्टीतेल समेत विक्री गर्नेलाई | २००० | १००० |
| **२०.** | **कवाडी सामान, खाली बोरा खरिद विक्री** | | |
| क | कवाडी सामाग्रीहरु विक्री वितरण गर्ने क्रसर | १००० | ५०० |
| **२१.** | **बाँस तथा ढुंगा, गिट्टी जम्मा गरी विक्री गर्ने** | | |
| क | ढुङ्गा तथा गिट्टी विक्री वितरण गर्ने क्रसर | ५००० | ३००० |
| ख | साधारण कोइरी सञ्चालन | २००० | १००० |

| क.सं. | विवरण (प्रत्येक वर्ष नविकरण गर्नुपर्नेछ) | दर्ता शुल्क रु. | नविकरण शुल्क |
|---|---|---|---|
| **२२.** | **फर्निचर एवं फिक्चर्स** | | |
| क | स्टील,काठ आल्मुनियमको फर्निचर पसल | २००० | १००० |
| ख | साना फर्निचर पसल | १००० | ५०० |
| **२३.** | **स्नुकर तथा पुल हाउस** | २००० | १००० |
| **२४.** | **विज्ञापन सेवा** | २००० | १००० |
| **२५.** | **निर्माण व्यवसाय सेवा** | | |
| क | घ वर्गको निर्माण व्यवसाय | ५००० | ३००० |
| २६. | साईन बोर्ड लेख्ने (पेन्टर) | १००० | ५०० |
| **२७.** | **लेखा परीक्षण व्यवसाय तर्फ** | | |
| क | लेखा परीक्षण व्यवसाय श्रेणी क | २००० | १००० |
| ख | लेखा परीक्षण व्यवसाय श्रेणी ख | १५०० | १००० |
| ग | लेखा परीक्षण व्यावसाय श्रेणी ग | १००० | ७०० |
| **२८.** | **शिक्षा सेवा** | | |
| क | निजी शिक्षालय उच्च माध्यामिक विद्यालय | १०००० | ५००० |
| ख | निजी शिक्षालय क्याम्पस | १५००० | ७५०० |
| ग | निजी शिक्षालय माध्यामिक विद्यालय | १०,००० | ५००० |
| घ | निजी शिक्षालय निम्न माध्यामिक विद्यालय | ७००० | ४००० |
| ङ | प्राथिमक विद्यालय/पूर्व प्राथमिक विद्यालय | १५०० | ७५० |
| च | मन्टेश्वरी तथा शिशूस्याहार केन्द्र | १००० | ५०० |
| छ | कम्प्यूटर/ ईलेक्ट्रोनिक्स तालिम / भाषाशिक्षा / कोचिङ सेन्टर / सवारी चालक तालिम केन्द्र | १००० | ५०० |
| ज | संगीत / डाँन्स तालिम केन्द्र / जिम खाना (फिटनेश सेन्टर) | १००० | ५०० |
| **२९.** | **गैरसरकारी संस्थाहरु** | | |
| क | राष्ट्रिय गैर सरकारी संस्थाहरु | २००० | १००० |
| ख | अन्य निकायमा दर्ता भएका संस्थाहरु यस गाउँपालिकामा दर्ता अभिलेखिकरण गर्ने | १००० | ५०० |
| **३०.** | **स्वास्थ्य सेवा (स्वास्थ्य सेवासँग सम्बन्धित सबै व्यवसायहरु)** | | |
| क | चश्मा पसल श्रेणी डाक्टर सहित भएमा | १००० | ५०० |
| ख | पशु पंक्षिको आहार/दाना विक्री पसल | ५०० | २५० |
| **३१.** | **गिफ्ट तथा फोटो फ्रेम फसल** | १००० | ५०० |

| क्र.सं. | विवरण (प्रत्येक वर्ष नविकरण गर्नुपर्नेछ) | दर्ता शुल्क रु. | नविकरण शुल्क |
|---|---|---|---|
| ३२. | **अलैची, अदुवा, अम्लिसो** | १००० | ५०० |
| ३३. | **फलफूल / पान पसल** | | |
| क | फलफूल पसल | १००० | ५०० |
| ख | पान पसल | १००० | ५०० |
| ३४. | **छापाखाना** | | |
| क | स्क्रिन प्रिन्ट | १००० | ५०० |
| ३५. | **अन्य** | | |
| क | बेकरी उद्योग | १००० | ५०० |
| ख | पापड/चिप्स/फिगर/नूडल्स दालमोठ उद्योग | १००० | ५०० |
| ग | डेरी/पोलट्री, पशु उद्योग | १००० | ५०० |
| घ | भेनियर उद्योग/समिल | १०००० | ५००० |
| ङ | सिरक डसना पसल | १००० | ५०० |
| च | मिनरल वाटर उद्योग/प्रशोधित पानी उद्योग | ५००० | २५०० |
| छ | ढाका उद्योग/पसल | १००० | ५०० |
| ज | ईटा उद्योग | ५००० | २५०० |
| झ | मौरी फर्म | ५०० | २५० |
| ञ | घरेलु उद्योग | १००० | ५०० |
| ट | निजि वन दर्ता | १००० | ५०० |
| ठ | खानेपानी उपभोक्ता समुह दर्ता | १००० | ५०० |
| द | साना सवारी साधन रूट इजाजत पत्र | १००० | ५०० |
| ढ | व्यवसायिक फर्म सूचिकरण दर्ता | ३०० | ३०० |
| ३६. | **मनोरञ्जन व्यवसाय तर्फ** | | |
| क | सार्वजनिक स्थानमा सर्कस प्रदर्शन गर्नेलाई दैनिक | ५०० | |
| ख | समय-समयमा लाग्ने मेलामा (मेला ठेकेदारबाट पेशा कर वापत) दैनिक | ५०० | |
| ग | केबलकार, र्‍याफटिङ्ग लगायतका पर्यटन मनोरञ्जनहरुको | १००० | |
| ३७. | **केबुल सञ्चालन गर्ने व्यवसाय** | | |
| क | मोबाइल टावर | ५००० | ३००० |
| ३८. | **खेलौना, उपहार (गिफ्ट) विक्रेता** | १००० | ५०० |
| ३९. | **विद्युत पोल तथा टेलिफोन र ट्रान्फर्मर वार्षिक शुल्क** | | |
| क | विद्युत पोल | ५० | |

| क्र.सं. | विवरण (प्रत्येक वर्ष नविकरण गर्नुपर्नेछ) | दर्ता शुल्क रु. | नविकरण शुल्क |
|---|---|---|---|
| ख | टेलिफोन पोल | ५० | |
| ग | ट्रान्सफर्मर | २०० | |
| ४०. | **सहकारी** | | |
| क | बचत तथा ऋण | १००० | ५०० |
| ख | अन्य | ५०० | २५० |
| ग | सहकारी संस्थालाई रसायनिक मल वितरण अनुमति पत्र दस्तुर | | ५०० |
| ४१. | **कृषि फर्म तथा उपभोक्ता समिति** | | |
| क | कृषि/पशु फर्म दर्ता | ५०० | २५० |
| ख | कृषक समुह दर्ता | ५०० | २५० |
| ग | उपभोक्ता समिति दर्ता | ५०० | २५० |
| ४२. | गैर नेपाली नागरिकको हकमा (जुनसुकै व्यवसायी दर्ता, तथा नविकरणमा) तोकिएको दस्तुरको दोब्बर शुल्क लाग्नेछ। | | |

**नोटः** १. व्यवसाय सञ्चालनमा रहेक तर दर्ता गर्न बाँकी व्यावसायीले पहिलो त्रैमासिक अवधिभित्र नयाँ व्यवसाय दर्ता गरेमा १०% छुट हुनेछ ।

२. व्यावसाय नवीकरण नगरेमा प्रत्येक वर्ष तोकिएको करको थप १०% जरिवाना लाग्नेछ।

आठराई राजपत्र

## अनुसूची — ६

## बहाल विटौरी कर (११३२२)

| क्र.सं. | हाट बजार तर्फ विवरण | दर |
|---|---|---|
| क | व्यापार जन्य आयतित सामाग्री विक्री प्रति व्यापारी प्रतिदिन | ३० |
| ख | पशु जन्य उत्पादन स्थानीय प्रति व्यापारी प्रतिदिन | १० |
| ग | पशु चौपाय प्रति गोटा | ५ |
| घ | पटके र घुम्ति व्यवसाय (पोकाहरू) प्रतिदिन | ५०० |
| ङ | गाडीमा राखी घुम्ती व्यवसाय (घुम्ती व्यापार) प्रतिदिन | ५०० |
| च | कपडा व्यवसाय | १००० |
| छ | अन्य व्यवसाय | ५०० |
| ज | ऐलानी जग्गामा बनाएको घर जग्गामा सम्पत्ति कर प्रयोजनको लागि गरिने घर जग्गाको मूल्याङकनको दर रेट अनुसार मूल्यांकन गरि प्रति लाख | ५ |

आठराई राजपत्र

## अनुसूची – ७

## नाता प्रमाणित दस्तुर (१४२४५)

| क्र.सं. | विवरण | दर |
|---|---|---|
| क. | नाता प्रमाणित दस्तुर नेपाली /अंङग्रेजी | २०० |
| ख. | नाता प्रमाणित प्रतिलिपी | २०० |

आठराई राजपत्र

## अनुसूची – ८

## विज्ञापन कर (१४४७२)

| क्र.सं. | होडिङ बोर्ड विवरण | दर |
|---|---|---|
| क. | होर्डिङ्ग बोर्ड आफ्नै फर्मको | निःशुल्क |
| ख. | अन्य विज्ञापन वोर्डको हकमा प्रति वर्ग फिट | ५० |

आठराई राजपत्र

## अनुसूची – ९

## मनोरञ्जन कर (११४७३)

| क्र.सं. | विवरण | दर |
|---|---|---|
| क. | मनोरञ्जनको लागि टिकट खरिद गर्नु पर्ने चलचित्र घर र हाट बजार, मेला,साँस्कृतिक प्रर्दशन हल,थिएटर तथा कनसर्ट आदि | टिकटमा उल्लेखित रकमको ५ प्रतिशत |
| ख. | मनोरञ्जन करको लागि एकमुष्ट रकम तोकिएको मनोरञ्जनको साधनमा | प्रतिदिन रु. ५०० |
| ग. | मेला सञ्चालनबापत आयोजकले तिर्नुपर्ने एकमुष्ठ (७ दिनसम्म) | रू. २००० |
| घ. | मेला सञ्चालनबापत आयोजकले तिर्नुपर्ने एकमुष्ठ (७ दिन भन्दा बढी) | रू. ३००० |

आठराई राजपत्र

## अनुसूची — १०

## सिफारिस दस्तुर (१४२४३)

| क्र.सं. | विवरण | दस्तुर तथा शुल्क रु. |
|---|---|---|
| **१. रुख कटान सिफारिस** | | |
| क | खयर प्रतिगोटा | ३०० |
| ख | अन्य रुख प्रतिगोटा | ५० |
| **२. नागरिकता सिफारिस** | | |
| क | वंशज | २०० |
| ख | अंगीकृत | ५०० |
| ग | प्रतिलिपी | २०० |
| **३. निवेदन तथा सिफारिस दस्तुर** | | |
| क | निवेदन दस्तुर नियमानुसार लाग्ने | २०० |
| ख | नक्कल दस्तुर नियमानुसार लाग्ने | २०० |
| ग | नेपाली/अंग्रेजी सिफारिसको प्रमाणित गर्दा प्रति पाना | २०० |
| घ | नक्कल दस्तुर सिफारिस | २०० |
| ङ | मिलापत्र दस्तुर (दुवै पक्षाबाट आध-आधा बेहोरिने गरी) | ५०० |
| च | सर्जमिन सिफारिस दस्तुर | २०० |
| छ | चालचलन, तीन पुस्ते, नाता समबन्ध सिफारिस नेपाली | २०० |
| ज | विद्युत, खानेपानीको सिफारिस | २०० |
| झ | कार्यालयको कागजात उतार प्रतिलिपी प्रतिपाना | ५ |
| ञ | चारकिल्ला प्रमाणित | २०० |
| ट | जन्म तथा बसाइसराई मिति प्रमाणित (२०४७ अघि) | २०० |
| ठ | मृत्यु तथा विवाह प्रमाणित (२०४७ अघि) | २०० |
| ड | सामुदायिक विद्यालय लेखापरीक्षक नियुत्ती दस्तुर | ३००० |
| ढ | मोही लगत कट्टा सिफारिस | २०० |
| ण | कन्सुलर प्रमाणित | २०० |
| त | स्थायी/अस्थायी बसोबास प्रमाणित | २०० |
| थ | उपभोत्ता समिति सम्बन्धी सिफारिस १ पटक | २०० |
| **४. घर कायमको सिफारिस (घर सम्पन्न एवं अभिलेखीकरण प्रमाणपत्रको आधारमा मात्र सिफारिस गर्ने** | | |
| क | नक्सा पास/अभिलेखीकरण फारम दस्तुर | ५०० |
| ख | पक्की घर (आर.सि.सि.) | ५०० |
| ग | कच्चि घर (ढुङ्गा माटो) | ३०० |
| घ | घर निर्माण सम्पन्न अभिलेखिकरण | ५०० |
| **५. व्यवसाय तथा अन्य सिफारिस** | | |
| क | व्यवसाय नामसारी सिफारिश दस्तुर | २०० |

| क.सं. | विवरण | दस्तुर तथा शुल्क रु. |
|---|---|---|
| ख | व्यवसाय बन्द सिफारिस दस्तुर | २०० |
| ग | व्यवसाय प्रमाणपत्रको कार्ड दस्तुर | १०० |
| **६. पशु पंक्षी स्वास्थ्य प्रमाणित** | | |
| क | राँगा,भैसी, गाई, गोरु | ५० |
| ख | बंगुर/बाख्रा | २० |
| ग | कुखुरा, हाँस | ५ |
| **७. पेन्सन पट्टा सिफारिश** | | |
| क | नेपाली (नेपाली सेना तथा प्रहरी) | २०० |
| ख | विदेशी | ५०० |
| **८. चल सम्पत्ति प्रमाणित** | | |
| क | रु ५ लाखसम्म | २०० |
| ख | रु १० लाखसम्म | ३०० |
| ग | रु १५ लाखसम्म | ५०० |
| घ | रु २० लाखसम्म | ७०० |
| ङ | रु ३० लाखसम्म | १००० |
| च | रु ५० लाखसम्म | २००० |
| छ | रु १ करोडसम्म | ४००० |
| ज | रु १ करोडभन्दा माथी | ६००० |
| | **जडीबुटी बिक्री वितरण सिफारिस** | प्रति के.जी. रू. २ |
| **९. घर बाटो भए/नभएको सिफारिस** | | |
| क | घरबाटो सिफारिश | २०० |
| **१०.** | **उद्योग स्थापना सिफारिस दस्तुर** | |
| क | ठूलो उद्योग | १५०० |
| ख | मझौला उद्योग | १००० |
| ग | घरेलु उद्योग | ५०० |
| **११.** | **निजी विद्यालय स्थापना सिफारिस** | |
| क | नयाँ विद्यालय स्थापना गर्न | ५०० |
| ख | थप कक्षा सिफारिस प्रति कक्षा | ३०० |
| ग | विद्यालय ठाउँ सारीको सिफारिस | ३०० |
| | **पशु, कृषि बीमाको दावी सिफारिस/छात्रवृत्ति सिफारिस** | निःशुल्क |
| | **अमिन फिल्ड चेक दस्तुर** | ५०० |
| | **कुनै व्यक्ति/संस्थालाई न्यायिक समितिमा मुदा दर्ता शुल्क** | १५० |
| | **दर्ता भएको बन्दुक नवीकरण सिफारिस** | ५०० |

**गाउँपालिकाको कुनै पनि दायित्व/बेरुजु बाँकी भएमा सिफारिस गरिने छैन।**

## अनुसूची — ११

## घर - नक्सा पास दस्तुर (१४२४२)

| घर जग्गा नक्सा पास दस्तुर | | |
|---|---|---|
| क्र.सं. | विवरण | दर रू. |
| क | आर.सि.सि.फ्रेम स्ट्रक्चर भएको घर निर्माण प्रति वर्ग फिट | ४ |
| ख | लोड ल्यारिङ रड भएको घर निर्माण प्रति वर्ग फिट | ३ |
| ग | कच्ची घर निर्माण प्रति वर्ग फिट | २ |
| घ | टहरा निर्माण प्रति वर्ग फिट | १ |
| **आठराई गाउँपालिकाको ग्रामिण क्षेत्रमा निर्माण हुने घरको नक्सा पास दस्तुर** | | |
| क्र.सं. | विवरण | दर रू. |
| क | आर.सि.सि.फ्रेम स्ट्रक्चर भएको घर निर्माण प्रति वर्ग फिट | ४ |
| ख | लोड ल्यारिङ रड भएको घर निर्माण प्रति वर्ग फिट | ३ |
| ग | कच्ची घर निर्माण प्रति वर्ग फिट | २ |
| घ | टहरा निर्माण प्रति वर्ग फिट | १ |
| **पार्किङ तला सहित Parking Space भएको घर निर्माण गर्नेलाई सो बराबरको क्षेत्रको नक्सा दस्तुर मिनाहा प्रकोपबाट क्षति भएक घर पुन निर्माण गर्दा ५०% छुट दिने।** | | |
| क्र.सं. | विवरण | दर रू. |
| क | घर नक्सा पासको व्यवस्था नभएको अवस्थाको घरको प्रति वर्ग फिट | २ |
| ख | अभिलेखिकरण/नक्शा पास निवेदन फारम दस्तुर | २०० |
| ग | निर्माण सम्पन्न प्रमाणपत्र | ५०० |
| घ | नामसारी प्रतिघर | ५०० |
| ङ | स्थलगत सर्जमिन अमिन रेखाङ्कन | २०० |
| च | भवनको स्थलगत निरिक्षण दस्तुर प्राविधिक लेआउट | २०० |
| **सम्पत्ति मूल्याङ्कन दस्तुर प्रति हजार रु. २/०० का दरले** | | |

आठराई राजपत्र

## अनुसूची – १२

## सरसफाई शुल्क (१५११५)

| सरसफाई शुल्क (मासिक) कुहिने र नकुहिने फोहोर वर्गीकर्ण गर्ने | | |
|---|---|---|
| **क.सं.** | **विवरण** | **दर रू.** |
| क. | पारिवारिक लगत कार्ड/सरसफाई कार्डको दस्तुर | ५० |
| ख. | व्यावसाय भएका घर | ३०० |
| ग. | व्यवसाय नभएको घर | १५० |

आठराई राजपत्र

## अनुसूची – १३

## साना सवारी कर (१४५२२)

| क्र.सं. | सवारी दर्ता तथा वार्षिक सवारी कर | दर्ता शुल्क रू. | नवीकरण दस्तुर रू. |
|---|---|---|---|
| क. | टेम्पो/ इ-रिक्सा/ अटो रिक्सा | ५०० | २५० |
| ख. | टेम्पो/ इ-रिक्सा/ अटो रिक्सा रूट इजाजत | ५०० | २५० |
| नोटः अन्य सवारी साधनको हकमा प्रदेश कानून बमोजिम हुनेछ । | | | |

आठराई राजपत्र

## अनुसूची — १४

## अन्य सेवा शुल्क

| क.सं. | विवरण | दर रू. |
|---|---|---|
| १. | सभा हल भाडा (प्रतिदिन) | ५००।- |
| २. | यान्त्रिक उपकरण भाडा | कार्यविधि बमोजिम |
| ३. | यान्त्रिक उपकरणका अपरेटर/चालक र सहयोगीको भत्ता | कार्यविधि बमोजिम |
| ४. | पशु बन्ध्याकरण (प्रति पशु) | |
| | कुकुर / बिरालो बन्ध्याकरण | ५००।- |
| | बंगुर बन्ध्याकरण | १००।- |
| | कुखुरा बन्ध्याकरण | ५०।- |

## अनुसूची — १५

## निकासी कर (१४२१९)

| क्र.सं. | सामान वस्तुको नाम | एकाइ | दर रू. |
|---|---|---|---|
| १. | अम्लिसो कुचो | प्रति के.जि. | १ |
| २. | अम्लिसो डाँठ | प्रति ट्र्याक्टर | २५० |
| | | प्रति ट्रक | ५०० |
| ३. | खयर बोक्रा बाहेक | प्रति ट्रक | २००० |
| ४. | अलैंची | प्रति मन | ६० |
| ५. | खयर बोक्रा सहित | प्रति ट्रक | १५०० |
| ६. | अन्य काठ, गोलिया, चिरान चट्टा | प्रति ट्र्याक्टर | ३०० |
| | | प्रति ट्रक | १००० |
| | | प्रति क्यु.फिट | ४ |
| ७. | बाँस | प्रति ट्र्याक्टर | २५० |
| | | प्रति ट्रक | ७५० |
| ८. | जडिबुटी अन्य | प्रति केजि | १।५० |
| ९. | सिन्कौली (तेजपत्ता), लेमन ग्रास | प्रति केजि | ५० |
| १०. | टिमुर | प्रति केजि | १ |
| ११. | अदुवा/बेसार | प्रति क्विन्टल | ५० |
| १२. | दाउरा | प्रति ट्र्याक्टर | २०० |
| | | प्रति ट्रक | ५०० |
| १३. | **पशु चौपाया** | | |
| | राँगा, भैंसी, गाई, गोरू | प्रति गोटा | ५० |
| | बाख्रा, बंगुर, बाछ्राबाछी, पाडापाडी | प्रति गोटा | २५ |
| | हाँस कुखुरा | प्रतिगोटा | ५ |
| १४. | सुन्तला | प्रति क्विन्टल | ५० |
| १५. | कागती | प्रति क्विन्टल | ५० |
| १६. | अन्य फलफुल | प्रति क्विन्टल | ५० |
| १७. | अन्य तरकारी | प्रति क्विन्टल | ५० |

## अनुसूची — १६

### निम्न विषयहरूमा सिफारिस सम्बन्धी दस्तुर छुट गरिनेछ

१. सामाजिक सुरक्षा भत्ता सम्बन्धी खाता खोल्ने सिफारिस।

२. सामाजिक सुरक्षा सम्बन्धी संरक्षक/इच्छाएको व्यक्तिले लाने सिफारिस

३. बाढी, पहिरो, हावाहुरी, आगलागी, भूकम्प लगायत प्रकोप पिडित सिफारिस

४. विरामीको आर्थिक अवस्था कमजोर भएको सिफारिस

५. नेपाल सरकार एवम् प्रदेश सरकारबाट कर नलाग्ने भनी तोकेका व्यक्ति तथा संस्थाहरू

६. अपाङ्गता भएका व्यक्तिहरू

आज्ञाले
शंकर पौडेल
नि. प्रमुख प्रशासकीय अधिकृत
आठराई गाउँपालिका

आठराई राजपत्र